मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १४ मितिः २०७८/०५/२९

## भाग-२
## मध्यविन्दु नगरपालिका

# शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०५/२९
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७८/०५/२९
राजपत्रमा प्रकाशित मितिः २०७८/०५/३०

**प्रस्तावनाः** मध्यबिन्दु नगरपालिका अन्तरगतका विद्यालयमा निशुल्क शिक्षा व्यवस्थापनको लागी तथा विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षकको दरवन्दी कम भएको कारण गुणस्तरीय शिक्षामा बाधा परेको अवस्थामा मध्यबिन्दु नगरपालिकाबाट यो कार्यक्रम राखी विद्यालयमा स्वयंसेवक शिक्षकको रुपमा शिक्षक व्यवस्थापन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधारको लागी मध्यबिन्दु नगरपालिका बाट स्वीकृत शिक्षण सहयोग अनुदान कार्यक्रम थप व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागी मध्यबिन्दु नगरपालिकाको शिक्षा ऐन -२०७८ को दफा ४३ को (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१ प्रारम्भ तथा परिभाषा

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधिको नाम "शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि–२०७८" रहने छ । यो कार्यविधि मध्यविन्दु नगरकार्यपालिका बाट स्वीकृत पश्चात लागु हुने छ।

**१.२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

१. "ऐन" भन्नाले मध्यबिन्दु नगरपालिकाको शिक्षा ऐन २०७८ सम्झनु पर्दछ ।
२. "कार्यविधि" भन्नाले शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि–२०७८ लाइ सम्झनु पर्दछ ।
३. "कार्यपालिका" कार्यपालिका भन्नाले मध्यबिन्दु नगर कार्यपालिकालाइ सम्झनु पर्दछ।
४. "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन -२०७८ बमोजिम गठित मध्यबिन्दु नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।
५. "शाखा" शाखा भन्नाले मध्यबिन्दु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ
६. "व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ
७. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकत विद्यालय सम्झनु पर्दछ।
८. "स्थानीय तह" भन्नाले मध्यविन्दु नगरपालिका सम्झनु पर्दछ ।
९. "अनुदान" भन्नाले शिक्षण सहयोग अनुदानलाइ बुझ्नु पर्दछ।
१०. "स्वयमसेवक शिक्षक" भन्नाले यस अनुदान बाट पारिश्रमिक सुविधा पाउने गरी स्वयमसेवक शिक्षकको रुपमा सेवा गर्न इच्छुक भइ विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षकलाइ सम्झनु पर्नेछ ।

## परिच्छेद २ः उद्देश्य, अपेक्षा तथा बजेट सिमा

**२.१ उद्देश्यः**

यो कार्यविधि जारि गर्नुको उद्देश्य देहायअनुसार रहेको छ

क) विद्यालयलाई उपलब्ध गराउने शिक्षण सहयोग अनुदानको वितरणको आधार तथा व्यवस्थापन लागी मार्गदर्शन गर्नु,

ख) गुणस्तरीय शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु,

**२.२ अपेक्षाः**

मध्यबिन्दु नगरपालिकाभित्र संचालित विद्यालयमा गुणस्तर सुनिश्चितता गर्नु तथा विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गर्नु।

**२.३ वजेट र सिमाः**

मध्यबिन्दु नगरपालिकाको नगर सभा बाट स्वीकृत बजेटको सिमा नै बजेटको सिमा हो।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद-३ अनुदान वितरणको आधारहरु

३.१ **अनुदान वितरणको आधारहरुः** शिक्षण सहयोग अनुदान तपशिल अनुसारको आधारमा रहेर वितरण गरीनेछ।

क) विद्यालयको विद्यार्थी संख्या,

ख) विद्यालयको मौजिदा दरवन्दी संख्या,

ग) मिति २०७७/०३/०८ गते मध्यबिन्दु नगर कार्यपालिकाबाट स्वीकृत दरवन्दी मिलानको चार्ट,

घ) विद्यालयको निजि स्रोतमा कार्यरत शिक्षक संख्या ,

ङ) संघिय तथा नगरपालिका स्रोतबाट भएको शिक्षण सिकाइ तथा गुणस्तर सुधार सम्बन्धमा गत आ.व. मा उपलब्ध अनुदानको अवस्था,

च) गत आ.व २०७७/०७८ मा विद्यालयले यस शिर्षकबाट प्राप्त गरेको अनुदान

छ) शिक्षण सहयोग अनुदानमा शिर्षकमा व्यवस्थापन गरिएको बजेट रकम,

३.२ विद्यालयमा जाने अनुदानको लागी सिफारिस गर्न शिक्षा, युवा तथा खेलकुद शाखाबाट कम्तिमा ३ जना शिक्षक रहने गरी एउटा ५ सदस्यीय कार्यदल निर्माण गरिनेछ, जसले कार्यविधिको ३.१ र अनुसूची १ मा उल्लेखित आधारहरु लाइ आधार बनाएर विद्यालयगत अनुदान निकासा विवरण तयार गर्नेछ

३.३ शिक्षा, युवा तथा खेलकुद शाखाबाट निर्मित कार्यदलको सिफारिस अनुसार नगर शिक्षा समितिले विद्यालयलाइ दिने निकासाको अन्तिम निर्णय गर्नेछ।

## परिच्छेद-४ कार्यक्रम कार्यान्वयन प्रक्रिया

४: **कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

विद्यालयले शिक्षण सहयोग अनुदान प्राप्त पश्चात सो अनुदान रकमको कार्यान्वयन तपशिल अनुसार गर्नुपर्नेछ ।

क) शिक्षण सहयोग अनुदानबाट प्राप्त रकमबाट विद्यालयले स्वयमसेवक शिक्षकको व्यवस्था गर्नुपर्नेछ।

ख) विद्यालयले आफ्नो आवश्यकता अनुसारको तह र विषयमा उपयुक्त विधि अपनाई विद्यालय व्यवस्थापन समितिको निर्णयबाट स्वयमसेवक शिक्षकको रुपमा सेवा गर्न इच्छुक शिक्षकलाई करारमा स्वयमसेवक पारिश्रमिक सुविधाको व्यवस्था सहित नियुक्ति गर्नुपर्नेछ।

ग) यस पूर्व विद्यालयको आन्तरिक स्रोतबाट नियुक्त शिक्षकलाइ यो सुविधाबाट पारिश्रमिक दिनुपर्ने भएमा पनि ४ (ख) बमोजिम स्वयंसेवक शिक्षकको रुपमा सेवा करार गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई काममा लगाउन सक्नेछ।

घ) विद्यालयले सो अनुदान रकम बाट स्वयंसेवक शिक्षकको रुपमा सेवा गर्ने गरी नियुक्ति गरिएका शिक्षकको विवरण अनुदान प्राप्त गरेको २ महिना भित्र शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्ने छ।

मध्यबिन्दु नगरपालिका

ङ) विद्यालयले वर्षभरिमा यो अनुदानबाट खर्च भएको रकम लगायतको सम्पूर्ण अभिलेख दुरुस्त राख्नु तथा सामाजिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ साथै खर्चको पारदर्शिताको विषयमा प्रधानाध्यापक जिम्मेवार हुनेछ।

## परिच्छेद ५: कार्यक्रमको अनुगमन

**५.१ कार्यक्रमको अनुगमनः**

कार्यक्रमको अनुगमन मध्यबिन्दु नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा वाट अनुगमन गरिनेछ।

## परिच्छेद ६: बाधा अड्चन फुकाउ तथा खारेजी र बचाउ

**६.१ स्वयंसेवक शिक्षक सम्बन्धि व्यवस्था :**

(१) कुनै शिक्षक तथा कर्मचारी प्रसुती बिदामा बस्दा पठानपाठनमा असर पर्ने हुदा विद्यालय व्यवस्थापन समितिले स्वयंसेवक शिक्षक छनौट कार्यविधी तयार गरि छनौट गरी पठनपाठनको व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त शिक्षकले नगरपालिकाले शिक्षण सहयोग अनुदान शिर्षकबाट निश्चित रकम अनुदान स्वरूप उपलब्ध गराउनेछ ।

६.२ यस कार्यविधि अनुसारको कार्यान्वयनमा केहि बाधा अड्काउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ।

६.३ **खारेजी र बचाउः** यस कार्यविधि जारी हुनुपुर्व (आ.व. २०७७/०७८) मा भएको निकासा व्यवस्था यसै कार्यविधिबमोजिम भएको मानिनेछ ।

मध्यबिन्दु नगरपालिका